# छविसपाथिभेरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड: ७ | संख्या : २ | मितिः २०८०।१०।१०

# छबिसपाथिभेरा गाउँपालिकाको शिक्षा ऐन, २०८०

गाउँसभाबाट स्वीकृत मिति : २०८०।०९।२८

प्रमाणिकरण मिति : २०८०।१०।०५

राजपत्रमा प्रकाशन मिति : २०८०।१०।१०

आज्ञाले

नाम : गगन बहादुर ऐडी

पद : नि.प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावनाः-**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक संस्थाहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को ५७ अनुसूची ८ को सूची नं. ८, धारा २२६ को उपधारा (१)तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिमछबिसपाथिभेरा गाउँपालिकाको तेह्रौंगाउँसभाले योऐन बनाएको छ ।

## परिच्छेद– १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"छबिसपाथिभेरा गाउँपालिका शिक्षा ऐन, "२०८०"** रहेको छ ।

(२) यो ऐनछबिसपाथिभेरा गाउँपालिका भर लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले छबिसपाथिभेरा गाउँपालिकाको गाउँ शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले छबिसपाथिभेरा गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"कोष"** भन्नाले दफा ४६ बमोजिम विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) **"गाउँपालिका"** भन्नाले छबिसपाथिभेरा गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) **"गाउँसभा"** भन्नाले छबिसपाथिभेरा गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

(छ) **"बाल शिक्षा केन्द्र"** भन्नाले चार वर्ष उमेर पुरा भई पाँच बर्ष उमेर पुरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(ज) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(झ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ट) **"प्राविधिक तथा व्यावसायिक शिक्षा"** भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(ठ) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड) **"व्यवस्थापन समिति"** भन्नाले दफा २० बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ढ) **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुखलाई सम्झनु पर्छ ।

(ण) **"शिक्षा शाखा"** भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा इकाइलाई सम्झनु पर्छ ।

(त) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यलेस्थापना गरिएको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(द) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम बनेको नियमावली, कार्यविधि वा निर्देशिकामा तोके बमोजिमको व्यवस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद– २

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

३. **विद्यालयको तह :-** (१) विद्यालयको तह २ प्रकारको हुनेछ ।

(क) माध्यमिक तह :- कक्षा ९ देखि कक्षा १२ सम्म

(ख) आधारभूत तह :- कक्षा १ देखि कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधारभूत तह भित्र कक्षा १ देखि कक्षा ३, कक्षा ४ देखि कक्षा ५, कक्षा ६ देखि कक्षा ८ सम्म गरी ३ तहको हुनेछ । र बाल विकास केन्द्र अन्तर्गत बाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्डेनहरु रहनेछन् ।

४. **माध्यमिक शिक्षाको प्रकारः** (१) माध्यमिक तहको शिक्षामा देहायका प्रकार हुनेछन्ः–

(क) साधारण शिक्षा

(ख) संस्कृत शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा

५. **शिक्षाको माध्यमः**(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :–

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले छबिसपाथिभेरा गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषाहुनेछ ।

६. विशेष शिक्षा,समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था:- गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

७. **विद्यालयको वर्गीकरणः-** विद्यालयको सम्पत्ति,स्रोत साधनर लगानिका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ :-

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

तसब्बा बहादुर घलाउने
अध्यक्ष

**८. विद्यालय संचालन गर्न अनुमति लिनुपर्नेः-** (१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा युवा तथा खेलकुद शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा शिक्षा समितिको सिफरिसमा गाउँपालिका प्रमुखले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित सो आवेदन पेश गर्नुपर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिकोसिफारिसमा गाउँपालिका प्रमुखले अनुमतितथा स्वीकृति दिनेछ ।

(५) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् द्धारा तर्जुमा गरिएको प्राविधिक तथा व्यावसायिक माद्यमिक शिक्षा (टि–एसइइ) सञ्चालनका लागि कुनै सामुदायिक माद्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुखले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्धारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्नेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः–

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाईसञ्चालन भएको विद्यालय ।

बसन्त बहादुर चलाउने
अध्यक्ष

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :–

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराइएको हुनुपर्ने,

(घ)शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका प्रमुख समक्ष आवेदन दिनु पर्ने छ । गाउँकार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृतिदिइने छैन ।

(११) **यस अघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्था:-** (१) माथि जुनसुकै कुरा उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संचालन भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

९. **धरौटी राख्नु पर्नेः** (१) संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ:-

(क)माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख) आधारभूत( कक्षा ६-८) विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) आधारभूत (कक्षा १-५) विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यापालिकाले धरौटी छुट दिन सक्नेछ ।

१०. **धरौटी रकम जम्मा गरिने :-** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम विद्यालयको मुद्धती खाता खोली जम्मा गर्नुपर्नेछ ।

११. **यो ऐन लागु हुने :-** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र शहीद प्रतिष्ठानद्धारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परिक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेण्डर यसै ऐन बमोजिम पालना गर्नुपर्नेछ ।

१२. **बालशिक्षा संचालनः** गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बालशिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

१३. **बाल गृहको संचालनः** गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह संचालन गर्न पाउनेछ । बालगृह संचालनको लागि आवश्यक प्रकृया गाउँशिक्षा समितिले तोकेबमोजिम हुनेछ ।

१४. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । सो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

१५. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :-** (१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

(२) प्राथमिक तहको विद्यालयमा कुल ३० जना भन्दा कम विद्यार्थी भएमा गाउँ शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु बन्द गर्न सक्ने छ ।

(३) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतीका लागि निवेदन पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश हुने आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

(५) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगतद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन ।

(६) माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००।– (पचास लाख रुपैया मात्र) वा सो बराबरको घर वा जग्गा, आधारभूत तहको हकमा कम्तिमा ३०,००,०००। (तीस लाख रुपैया मात्र) वा सो बराबरको घर वा जग्गा सहयोग गरेमा विद्यालयको नाममा ब्यक्तिको नाम जोडी विद्यालयको नाम परिवर्तन गर्न सकिनेछ।

## परिच्छेद :- ३
## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

१६. **गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः**(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछः-

क. गाउँपालिकाप्रमुख वा निजले तोकेको एकजना गाउँ कार्यपालिकाको सदस्य - संयोजक

ख. गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला र १ जना दलित समेत गरी ३ जना - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत स्तरको कर्मचारी - सदस्य

घ. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुमध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको एक जना प्रधानध्यापक - सदस्य

ङ. संस्थागत विद्यालयको प्रधानाध्यापकहरुमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख वा अध्यक्षलेतोकेको प्रतिनिधी एक जना - सदस्य

च. शिक्षक अभिभावक संघका तर्फवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी गाउँपालिकाबाट मनोनित एक जना - सदस्य

छ. सामुदायिक विद्यालयको बिद्यालय ब्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरि समितिले मनोनित गरेको १ जना -सदस्य

ज. शिक्षा शाखामा कार्यरत १ जना कर्मचारी -सदस्य

झ. शिक्षा अधिकृत -सदस्य-सचिव

(२) समितिको बैंठक संचालन प्रकृया, बैंठक भत्ता तथा सेवा सुविधा सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण नगरेको देखिएमा शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउन वा वर्खास्त गर्नु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकावाट वञ्चित गरिने छैन ।

१७. **गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार :** (१) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारबाही गर्ने गराउने ।

(त) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

द) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँपालिकामा पेस गर्ने

ध) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

(म) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(य) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

...भेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ज्योंसी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

(र) शिक्षामा सवै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेन्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने ।

(ल) गाउँ शिक्षा समितिले आवश्यक देखेमा गाउँपालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्ने,

(व) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

१८. **शिक्षा अधिकृत सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम ब्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहने छ ।

**(२) शिक्षा अधिकृतको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :-**

(क) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने,

(ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमकी कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्नेगराउने,

(घ) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

(च) गाउँ शिक्षा समितिको सदस्य-सचिवको भूमिका निर्वाह गर्ने,

(ज) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१९. **वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छः-

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्येबाट वडा समितिले तोकेको एक जना - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा समितिले तोकेको एक जना -सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरिसमितिले तोकेको दुई जना -सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तेकेको एक जना -सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव -
सदस्य सचिव

**(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँशिक्षा समितिमा सिफारिस गर्ने ।

(ज) वडाको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ।

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमती प्रदान गर्ने ।

(ट) गाउँ शिक्षा समितिले तोकेबमोजिम अन्य कार्य गर्ने ।

२०. **विद्यालय व्यवस्थापन समिति** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) समितिका सदस्यहरूले (ख),(ग) र (घ) मध्येबाट छानेको व्यक्ति –अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना –सदस्य

(ग)विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडासमितिले मनोनयन गरेको एकजना –सदस्य

(घ)विद्यालयका संस्थापक,स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, चन्दादाता व्यक्तिहर मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना –सदस्य

(ङ)विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एक जना – सदस्य

(च)विद्यालयको प्रधानाध्यापक –सदस्य–सचिव

(पुनश्चः बालक्लबको अध्यक्षलाई व्यवस्थापन समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ ।

(२)उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३)विद्यालयलाई शान्तिक्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुनेछ ।

(४) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(छ) स्विकृत दरबन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(झ) गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिएबमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारबाहीका लागि सिफारिस गर्ने,

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्रे र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ण) विद्यालय शिक्षा प्रभावकारी रुपमासञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त)तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(४) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छ ।

२१. **शिक्षक अभिभावक संघः** सबै विद्यालयमा शिक्षक र अभिभावकहरु रहेका एक शिक्षक अभिभावक संघ रहनेछ यस सम्बन्धी कार्यविधि गाउँ शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवाशर्त र योग्यता

२२. **गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्नेः** (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा

प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका दरबन्दीमा नियुक्त भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ ।

२३. **शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता:-** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता सम्बन्धी व्यवस्था संघीय तथा प्रादेशिक मापदण्डको आधारमा तोकिए बमोजिम हुनेछ ।

२४. **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछ :-

(क) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्षको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद - ५

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बदुवा

२५. **शिक्षकको नियुक्तिः** (१) विद्यालयमा रिक्त भएको दरबन्दीमाकरारशिक्षक नियुक्तिको व्यवस्था देहाय बमोजिमको शिक्षक छनौट समितिबाट हुनेछ :-

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको व्यक्ति- संयोजक

(ख) गाउँपालिकामा सूचिकृत बिषयगत रोष्टर मध्येबाटअतिगोप्य, निष्पक्ष रुपमा सबैभन्दा उपयुक्त विधिको प्रयोग गरी परीक्षा संचालन हुने दिनशिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधि,शिक्षा विकास तथा समन्वय इकाइको प्रतिनिधिको रोहवरमा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरुले छनोट गरेका विषयविज्ञ दुई जना - सदस्य

(ग) गाउँपालिकाको शिक्षा अधिकृत वा निजले तोकेको कर्मचारी -सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य- सचिव

पुनश्च: शिक्षा विकास तथा समन्वयइकाइको प्रतिनिधि आमन्त्रण गर्न गरिनेछ ।

(२) परीक्षा संचालन सम्बन्धि कार्यविधि गाउँशिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) **परीक्षा केन्द्र** गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ ।

२६. **प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक विद्यालयमा विद्यालयको शैक्षिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दिमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।।

(२) प्रधानाध्यापकको नियुक्ति तथा योग्यता सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ :-

२७. **शिक्षकको सरुवाः** (१) स्थायी शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा न्यूनतम २ वर्ष सेवा गरेपश्चात मात्र अर्को विद्यालयमा सरुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम शिक्षकको सरुवा गर्दा अर्को विद्यालयको छनोट सम्वन्धित शिक्षकको रोजाई र प्राथमिकतामा हुनेछ । तर सो विद्यालयमा आफ्नो विषय मिल्नेदरबन्दी रिक्त हुनुपर्नेछ ।

(३) न्यूनतम २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (३) बमोजिम परेको निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका विषयगत दरबन्दीउपलब्ध भएको विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

स्पष्टीकरणः विशेष अवस्था भन्नाले निज शिक्षक कार्यरत विद्यालयमा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी संगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

२८. **दरबन्दी मिलानः** (१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलानका लागि कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान गर्दा शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइने छ ।

२९. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः** (१) स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुनेछैन् ।

३०. **शिक्षकलाई अन्य काममा लगाउन नहुने** (१)सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना,निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

३१. **कार्यसम्पादन करार सम्झौता गर्न सकिनेः** (१) शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रक्रिया अवलम्बन गर्न सकिनेछ :-

(२) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(३)कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(४)वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँशिक्षा समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

३२. **कार्यसम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कारः** (१) कार्यसम्पादन करार गरेका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई सचेत गर्नुपर्नेछ ।

(२)कार्यसम्पादन करारका सूचकहरु तयार गर्दा शिक्षकको सृजनशीलता विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

(३)कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद- ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

३३. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइमैत्री वातावरण हुनु पर्नेछ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनुपर्नेछ ।

३४. **विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ।

(२)यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्न सक्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ ।

(४)कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(५) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।

३५. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः**

(१)सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ ।

(२)विद्यालय बन्द, खारेजी वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्नेछ ।

(३) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(४) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहनेछ ।

३६. **विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तक**: (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ ।

(२)विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(३) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र शिक्षा शाखामा माग गर्नुपर्नेछ ।

(४) शिक्षा शाखाले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नु पर्नेछ।

(५) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ ।

(६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनुपर्नेछ ।

३७. **अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन**:- विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लवतथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेदः- ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

३८. **अनुमती र स्वीकृती लिनु पर्नेः** संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम गाउँपालिकाबाट अनुमती र स्वीकृती लिनु पर्नेछ ।

३९. **संस्थागत विद्यालयको व्यवस्थापन समितिः** (१) संस्थागत विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिकाबाट मनोनित एक जना –अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना –सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना –सदस्य

(घ)शिक्षा अधिकृत वा निजले तोकेको ब्यक्ति -सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना –सदस्य

(च) विद्यालयको प्रधानाध्यापक –सदस्य–सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

४०. **संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ङ) नेपाल सरकार र गाउँपालिकाले तोकेबमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने

(च) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सवै नीति,नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने**(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश

प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२)छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र शिक्षा शाखामा बुझाउनु पर्नेछ।

(३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार,शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्नेछ।

४२. **शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः** गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ।

४३. **अनुगमन तथा मूल्याङ्कनः** (१) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका, गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ।

(२)उपदफा (१) बमोजिम प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

४४. **अनुमति वा स्वीकृति रद्द गर्ने :** (१) कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ।

(२)अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

## परिच्छेदः - ८

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४५. **परीक्षा संचालन तथा समन्वय समितिः** (१) गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा निर्देशन तथा समन्वय समिति रहनेछ।

(क) शिक्षा समितिको अध्यक्ष – अध्यक्ष
(ख) प्रमुख प्रशासकिय अधिकृत – सदस्य
(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी – सदस्य
(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय – सदस्य
(च) शिक्षा अधिकृत – सदस्य–सचिव

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४)कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिमको समितिलें गर्नेछ ।

(५) उपदफा २ र ३ बाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले सञ्चालन गर्नेछ ।

## परिच्छेदः - ९

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

४६. **विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकमहरु रहनेछन् :–

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

४७. **अनुदानको व्यवस्था :-**(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ ।

(२) कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) गाउँपालिकाले सामुदायिक विद्यालयहरुलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सक्रेछ ।

(३) गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिएबमोजिमको अनुदान दिन सक्रेछ ।

४८. **बजेट तयार गर्ने :-** प्रधानाध्यापकले प्रत्येक आर्थिक वर्षको अन्तिम महिना भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा पठाउनु पर्नेछ ।

४९. **लेखा व्यवस्थापनः** (१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोबारको लेखा राख्न बेग्लै ब्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

५०. **सामुदायिक विद्यालयको खाता संचालनः** (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखापाल वा लेखा सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट गर्नुपर्नेछ।

५१. **लेखा परीक्षण तथा सामाजिक परीक्षण:-** (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्ट्रड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखापरीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिकगतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठपोषण लिनु पर्नेछ ।

५२. **छात्रवृतिको व्यवस्था गर्न सक्नेः** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

५३. **शुल्क सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमकोशुल्क लिन पाउने छैन ।

(६) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५४. **विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनिसामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममाजुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा गाउँपालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेदः- १०

## विविध

५५. **प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउन सकिनेः** गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन,विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

५६. **गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५७. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

५८. **प्रगति विवरण बुझाउनु पर्ने :-** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

५९. **शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउनेः** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय संचालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।

६०. **स्थानीय शिक्षा विकास कोष :-** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार रप्रादेशिक सरकारबाट प्राप्त अनुदान,

(ख) दस्तुर,शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन: गाउँपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीयसमितिबाट हुनेछ ।

६१. दण्ड सजायः (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः–

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(च)अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(छ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

६२. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

६३. **नियम बनाउने अधिकारः**(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६४. **संक्रमणकालिन व्यवस्था** (१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ । साथै यस अधि गरिएका शिक्षा सम्बन्धि कार्यहरु यसै ऐन बमोजिम गरिएको मानिनेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति ऐन, नियमावलीको अधिनमा रहि शिक्षा युवा तथा खेलकुद शाखाले दिन सक्नेछ, साथै सोको जानकारी गाउँपालिका प्रमुख र प्रशासकीय प्रमुखलाई गराउनु पर्नेछ ।

६५. **बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ । तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

६६. **बचाउ र लागू नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यो ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिना गरेको कसूरमा प्रचलित भ्रष्टाचार निवारण सम्बन्धी ऐन अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधानसँग बाँझिएको यस ऐनका दफा तथा उपदफाहरु बाँझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

आज्ञाले

नि.प्रमुख प्रशासकीय अधिकृत

गगन बहादुर ऐडी